31ST of October 2025

National News

मुख्य समाचार

1. आज सरदार वल्लभभाई पटेलको 150औं जयन्ती गुजरातको एकता नगरमा पालन
2. दिल्लीमा अन्तर्राष्ट्रिय आर्य महासम्मेलनलाई प्रधानमन्त्री मोदीले गर्नुभयो संबोधन्
3. भारतले आसियानसँग समुद्री सुरक्षा र रणनीतिक सहकार्य सुदृढ गर्ने रक्षा मंत्रीको घोषणा
4. एक हजार चार सय छ्यासठ जना कर्मचारीलाई वर्ष 2025 का लागि केन्द्रीय गृहमन्त्री दक्षता पदक प्रदान
5. देशभरका विद्यालयमा कक्षा 3 देखि एआईलाई पाठ्यक्रम समावेश गरिने

आज गुजरात पटेलको 150औं जयन्ती गुजरातको एकता नगरमा पालन

प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रको प्रगतिका लागि सबै भारतीयहरूलाई एकजुट भई देशको विकासमा आत्मसमर्पित हुन आह्वान गर्नुभएको छ। उहाँले भन्नुभयो कि यही एकता र प्रतिबद्धताबाट "विकसित भारत"को सपना साकार हुनेछ।

सरदार वल्लभभाई पटेलको 150औं जयन्तीका अवसरमा एकता नगरमा आयोजित राष्ट्रिय एकता दिवस समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले 2014 पछि सरकारले नक्सलवाद र माओवादी आतंकवादविरुद्ध दृढ र निर्णायक कारबाही गरेको बताउनुभयो। उहाँका अनुसार 2014 अघि देशभर करिब सय जिल्ला माओवादी गतिविधिबाट प्रभावित थिए, तर अहिले यो संख्या घटेर केवल 11 मा सीमित भएको छ, जसमा तीन जिल्ला मात्र अझै गम्भीर रूपमा प्रभावित छन्। प्रधानमन्त्रीले देशभर करोडौं नागरिकहरूले लिएको एकता प्रतिज्ञालाई राष्ट्रिय एकताको प्रतीक बताउँदै यसले सामूहिक प्रतिबद्धतालाई थप सुदृढ बनाएको उल्लेख गर्नुभयो। उहाँले प्रत्येक नागरिकले राष्ट्रको एकता र अखण्डतालाई कमजोर पार्ने कुनै पनि विचार वा कार्य अस्वीकार गर्नुपर्नेमा जोड दिनुभयो। प्रधानमन्त्रीले पछिल्ला दस वर्षमा सरकारका पारदर्शी नीतिहरू, पूर्वाधार विकास र भ्रष्टाचारमुक्त शासनका कारण 25 करोडभन्दा बढी नागरिकहरूलाई गरिबीबाट मुक्त गर्न सफल भएको बताउनुभयो। उहाँले जनताको हृदय जोड्ने शक्ति सुशासन, समान अवसर र समावेशी विकासले सम्भव बनाएको उल्लेख गर्नुभयो। प्रधानमन्त्री मोदीले प्रत्येक नागरिकलाई राष्ट्रिय एकतालाई राष्ट्रशक्तिको मूल मन्त्र बनाउने,

सरदार पटेलको दृष्टिकोणलाई स्मरण गर्ने र बलियो, विकसित तथा एकजुट भारत निर्माणका लागि मिलेर काम गर्न आग्रह गर्नुभयो। कार्यक्रमको प्रारम्भमा प्रधानमन्त्रीले स्ट्याच्यू अफ युनिटीमा पुष्प अर्पण गर्दै एकता दिवसको शपथ दिलाउनुभयो। त्यसपछि आयोजित भव्य एकता दिवस परेडमा बीएसएफ, सीआरपीएफ र विभिन्न राज्यका पुलिस टोलिहरूले "विविधतामा एकता" विषयमा आधारित आकर्षक झाँकीहरू प्रस्तुत गरे।

<u>दिल्लीमा अन्तर्राष्ट्रिय आर्य महासम्मेलनलाई प्रधानमन्त्री मोदीले गर्नुभयो संबोधन्</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो कि लाला लाजपत रायजस्ता अनेक स्वतन्त्रता सेनानीहरू आर्य समाजबाट प्रेरित भएर स्वतन्त्रता आन्दोलनमा समर्पित भएका थिए।

दिल्लीमा आयोजित अन्तर्राष्ट्रिय आर्य महासम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले भन्नुभयो कि दुर्भाग्यवश, लामो समयसम्म आर्य समाजलाई त्यसको योग्य स्थान प्रदान गरिएको छैन। उहाँका अनुसार आर्य समाज यस्तो संस्था हो, जसले निडर रूपमा भारतीयता, सत्य र धर्मका मूल्यहरूको संरक्षणका लागि सदैव आवाज उठाउँदै आएको छ।

यस अवसरमा प्रधानमन्त्री मोदीले स्वामी दयानन्द सरस्वतीप्रति श्रद्धाञ्जलि अर्पण गर्दै उहाँका विचार र योगदानलाई आज पनि प्रासंगिक र प्रेरणादायी रहेको  बताउनु भयो!

<u>भारतले आसियानसँग समुद्री सुरक्षा र रणनीतिक सहकार्य सुदृढ गर्ने रक्षा मंत्रीको घोषणा</u>

रक्षा मन्त्री राजनाथ सिंहले भन्नुभयो कि समुद्री सुरक्षा भारत– आसियान सम्बन्धहरूको केन्द्रबिन्दु हो। उहाँले दोस्रो भारत– आसियान समुद्री अभ्यासमा सहमति जनाएबापत आसियान सदस्य देशहरूको प्रशंसा गर्नुभयो। मलेसियाको कुआलालम्पुरमा आयोजित भारत–आसियान रक्षा मन्त्रीहरूको अनौपचारिक बैठकमा सम्बोधन गर्दै रक्षा मन्त्री सिंहले समुद्री मार्गहरूको सुरक्षा भारतको सर्वोच्च प्राथमिकता भएको बताउनुभयो। उहाँका अनुसार भारतको करिब 50  प्रतिशतभन्दा बढी व्यापार दक्षिण चीन सागर र मलक्का जलडमरूमध्यमार्ग हुँदै सम्पन्न हुन्छ।

रक्षा मन्त्रीले भारतले विपद् राहत, आतंकवाद नियन्त्रण र समुद्री सुरक्षाका क्षेत्रमा सक्रिय योगदान दिँदै आएको उल्लेख गर्नुभयो। उहाँले दक्षिण चीन सागरमा स्वतन्त्र नौसञ्चार र

अन्तर्राष्ट्रिय कानुनको पालना गर्न भारत सदैव प्रतिबद्ध रहेको स्पष्ट गर्नुभयो। उहाँका अनुसार परिवर्तनशील विश्व परिवेशमा आसियान र भारतबीचको साझेदारी क्षेत्रीय स्थिरताको बलियो स्तम्भका रूपमा रहिरहेछ। श्री सिंहले आसियान र भारत दुवैले तीव्र आर्थिक विकास हासिल गरेको बताउँदै भारत–आसियान वस्तु व्यापार सम्झौताको समीक्षालाई शीघ्र सम्पन्न गर्नुपर्नेमा जोड दिनुभयो, जसले व्यापारिक सम्बन्धलाई अझ सुदृढ बनाउने विश्वास व्यक्त गर्नुभयो।

## एक हजार चार सय छ्यासठ  जना कर्मचारीलाई वर्ष 2025 का लागि केन्द्रीय गृहमन्त्री दक्षता पदक प्रदान

आज विभिन्न राज्य, केन्द्र शासित प्रदेशहरू, केन्द्रीय सशस्त्र पुलिस बलहरू र केन्द्रीय पुलिस संगठनका एक हजार चार सय छ्यासठ  जना कर्मचारीलाई वर्ष 2025 का लागि केन्द्रीय गृहमन्त्री दक्षता पदक प्रदान  गरिएको छ।

गृहमन्त्रालयले जारी गरेको विज्ञप्ति अनुसार, यो पदक सम्बन्धित अधिकारी वा कर्मचारीले चार प्रमुख क्षेत्रहरू — विशेष अभियान, अनुसन्धान, खुफिया सेवा र फोरेन्सिक विज्ञान — मा देखाएको उत्कृष्ट कार्य र उच्च पेशागत दक्षताको मान्यता स्वरूप प्रदान गरिन्छ। मन्त्रालयका अनुसार, पुरस्कार प्रापकहरूको नामावली गृहमन्त्रालयको आधिकारिक वेबसाइटमा उपलब्ध छ। यो पदक प्रत्येक वर्ष 31 अक्टोबरका दिन सरदार वल्लभभाई पटेलको जन्मजयन्तीको अवसरमा प्रदान गरिन्छ। यस पदकको स्थापना फेब्रुअरी 2024 मा गरिएको हो।

## देशभरका विद्यालयमा कक्षा 3 देखि एआईलाई पाठ्यक्रम समावेश गरिने

केन्द्र सरकारले घोषणा गरेको छ कि देशभरका सबै विद्यालयहरूमा कक्षा 3 देखि Artificial Intelligence - AI सम्बन्धी पाठ्यक्रम सुरु गरिनेछ। शिक्षा मन्त्रालयका अनुसार, यो पहल जटिल समस्याहरू समाधान गर्न एआईको नैतिक र जिम्मेवार प्रयोगलाई प्रोत्साहित गर्ने दिशामा एक महत्वपूर्ण कदम हो। यससँगै, एआई प्रविधिलाई प्रारम्भिक तहदेखि नै शिक्षण–अधिगम प्रक्रियामा समावेश गरिनेछ, जसले विद्यार्थीहरूमा विश्लेषणात्मक सोच र समस्या समाधान क्षमताको विकास गर्नेछ।

मन्त्रालयले जनाएको छ कि AI र Computational Thinking-ले सिकाउने र सिक्ने दुवै अवधारणालाई अझ सुदृढ बनाउनेछ। यस उद्देश्यका लागि केन्द्रीय माध्यमिक शिक्षा बोर्ड (CBSE)ले आईआईटी मद्रासका प्राध्यापक कार्तिक रमनको अध्यक्षतामा एक समिति गठन गरेको छ, जसले एआई र कम्प्युटेशनल सोचसम्बन्धी पाठ्यक्रम तयार गर्नेछ।

यस विषयमा सीबीएसई, एनसीईआरटी, केन्द्रीय विद्यालय संगठन (KVS), नवोदय विद्यालय समिति (NVS) र अन्य विशेषज्ञ संस्थाहरूबीच परामर्श बैठक नयाँ दिल्लीमा सम्पन्न गरिएको थियो।